# गुठिचौर गाउँपालिकाको
# स्वास्थ्य नीति २०७८

## गुठिचौर गाउँपालिका, जुम्ला
## कर्णाली प्रदेश
## नेपाल

## विषय सुची


१ . पृष्ठभूमि ........ ३

२.विगतमा गरिएका प्रयासहरु : ........ ४

३. गुठिचौर गाउँपालिकाको बर्तमान अवस्था ........ ४

४ गुठिचौर गाउँपालिकाकामा बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूः ........ ६

४.१ समस्या ........ ६

४.२ चुनौती ........ ७

४.३ अवसरहरु ........ ८

५ गुठिचौर गाउँपालिका नीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरु ........ ९

५.१ भावी सोच (Vision) ........ ९

५.२ ध्येय (Mission ) ........ ९

५.३ लक्ष्य (Goal) ........ ९

५.४. उद्देश्यहरू (Objectives) ........ ९

६.नीतिहरु ........ १०

७.नीतिअर्न्तगत रणनीतिहरुः ........ १२

८. संस्थागत संरचना ........ २६

९.आर्थिक पक्ष ........ २७

१०.अनुगमन र मूल्यांकन ........ २७

११.नीति कार्यान्वयनको कार्ययोजना ........ २७

१२. जोखिम ........ २७

# स्वास्थ्य नीति २०७८

१ . पृष्ठभूमि

नेपालको संबिधान २०७२ ले नागरीकको मौलिक हकको रुपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा गुठिचौर गाउँपालिका सबै नागरीकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुर्‍याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ । यसका लागि गुठिचौर गाउँपालिकाले स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, औषधी, उपकरण, जनशक्ति व्यवस्थापन गरि सेवा प्रवाह गर्न गर्नुपर्नेछ ।

गुठिचौर गाउँपालिकाको स्वास्थ्य र बिकास अन्तर सम्बन्धित बिषयहरु हुन । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । गुठिचौर गाउँपालिका गरिब, दुरदराजका नागरीकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन। गुण्स्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई गुठिचौर गाउँपालिका को समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।सीमित स्रोत साधनको उपलब्धताकै वीचमा गाउँपालिकाले नागरिकलाई स्वास्थ्य सेवाको उपलव्धता गराउनुपर्ने अवस्था रहेको छ। नेपालको संविधान, कानून र नीतिअनुरुप स्वास्थ्य प्रणालीको विकास र विस्तारका लागि तीनवटै तहका सरकारबाट प्रयास भइरहेको छ तर त्यस अनुरुप गर्नुपर्ने थुप्रै कामहरू बाँकी छन। नेपालको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू भएका छन तर संगसंगै नवीनतम स्वास्थ्य चुनौतीहरू पनि विद्यमान छन । ती उपलब्धिलाई जोगाउँदै जनस्वास्थ्यका नवीनतम चुनौतीको सामना गर्नु सवै तहका सरकारहरूको दायीत्व हो ।

गुठिचौर गाउँपालिका भित्र नवजात शिशु तथा सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरीक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, पहुँचभन्दा टाढा भएका, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु गुठिचौर गाउँपालिकाकाले दायित्वबोध गरेको छ ।

संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ मा लिपिवद्ध स्वास्थ्य सम्बन्धी स्थानीय तहका काम कर्तव्य र अधिकार, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्वास्थ्यसंग सम्बन्धित नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले गरेका अन्तराष्ट्रिय प्रतिवद्धताहरू एवं गाउँपालिका भित्रका स्वास्थ्य क्षेत्रका समस्या र चुनौतीहरू, आवश्यकता र प्राथमिकताहरू, उपलव्ध स्रोत र साधन र अवस्थालाई समेत आधार बनाई जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट संघीय संरचनामा गाउँपालिकाको स्वास्थ्य प्रणाली विकास, विस्तार र सुधार गर्न विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनस्थापना गर्न गुठिचौर गाउँपालिका स्वास्थ्य तथा सरसफाई नीति, २०७८ तयार गरी लागू गरिएको छ ।

## २.विगतमा गरिएका प्रयासहरु :

नेपालको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्बेवारीहरु पूरा गर्न गाउँपालिका अर्न्तगत आधारभुत स्वास्थ्य शाखाको स्थापना गरिएको छ भने गाउँपालिका क्षेत्रभित्र परेका स्वास्थ्य चौकीहरु गाउँपालिकालाई हस्तान्तरण भएका छन् । यसै गरि साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना भई सेवा प्रवाह भइरहेका छन ।

राष्ट्रिय नीति तथा लक्ष्यहरुका आधारमा नेपालमा स्वास्थ्य क्षेत्रमा उल्लेख्य उपलब्धि र सफलता प्राप्त भएका छन, तथापी यस गाउँपालिकामा स्वास्थ्यका सूचकहरुमा भएको प्रगतीबाट पुर्ण रुपमा सन्तुष्ट हुने अवस्था भने छैन । गाउँपालिकाले विषेशगरी सेवाबाट बञ्चीत  दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेर समुहका, शारीरिक तथा मानसिक रुपमा अशक्त नागरीकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ । तापनि सेवाको पहुँचमा असमानता बिद्यमान छ ।

गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरी, प्रभावकारी रुपमा कार्य गर्दै आएको छ । गाउँपालिकाबासीको आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई प्रवर्द्धन गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिती झल्कने गरी स्वास्थ्य प्रोफाईल समेत तयार गरेको छ ।

## ३. गुठिचौर गाउँपालिकाको बर्तमान अवस्था

यस गुठिचौर गाउँपालिकामा हाल ३ स्वास्थ्य चौकी, २ आधारभुत स्वास्थ्य सेवा केन्द, १४ गाँउघर क्लिनिक, १४ खोप क्लिनिक र ५१ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुद्धारा नियमित रुपमा स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ । गाउँपालिका अर्न्तगत पाँचवटै परिवार नियोजनका साधन प्रदान सेवा कुनै पनि स्वास्थ्य सेवा प्रदान हुन नसकेको तथा ३ वटा स्वास्थ्य संस्थाबाट सुचिकृत बर्थिङ सेन्टरबाट प्रसुती सेवा उपलब्ध छ । आ.व. २०७७/७८ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्याको १२०६९ जनसंख्याले बहिरंग सेवा लिएका र सो मध्ये ५६.२६ प्रतिशत महिलाहरुले सेवा लिएको देखिन्छ । यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा ३० जना स्वास्थ्यकर्मि द्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ ।  स्वास्थ्य मन्त्रालय व्यवस्थापन महाशाखाबाट दिइएको आ.व. ०७७/७८ को अनुमानित जनसंख्यालाइ आधार मानेर स्वास्थ्यकर्मि र जनसंख्याको अनुपात हेर्दा ८६३ जना जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा ८६३ जना जनसंख्यालाई १ जना नर्स हुन आउँछ । यस गाउँपालिकामा कार्यरत जम्मा ३८ जना स्वास्थ्यकर्मीहरु मध्ये गाउँपालिका हाल १५ जना प्यारामेडिक्स, १५ नस र  ८ जना कार्यालय सहयोगीहरु बाट स्वस्थ्य सेवा दिई रहेको छ ।

यस गाउँपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने,

कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन् । बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि भएता पनी गुणस्तरयुक्त प्रसुति सेवाकोअझै अभाव रहेको छ भने पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा बृद्धि हुन सकेको छैन । यस गाउँपालिकामा ७४.९ प्रतिशत बालबालिकाले मात्र पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| .सि.नं | सुचकहरू | नेपाल | प्रदेश | स्रोत | गुठिचौर गाउँपालिका (स्रोत DHIS2) | | | विकास लक्ष्य २०३० |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७५/७६ | ७६/७७ | ७७/७८ | |
| १ | औषत आयू | ७१ | ६८ | HDI Report 2014 | | | | |
| ५ | पाँच वर्षमुनिका बच्चाहरूको मृत्यु दर | ३९ | ५८ | NDHS 2016 | ० | ० | ० | २२ प्रति १००० |
| ६ | नवजात शिशु मृत्यु दर | २१ | २९ | NDHS 2016 | ० | ० | ० | १० प्रति १००० |
| ७ | मातृ मृत्यु दर | २३९ | | NDHS 2016 | ० | ० | १ | ७० प्रति १,००,००० |
| ८ | संस्थागत प्रसुतीको प्रतिशत | ५७ | ३६ | NDHS 2016 | ४८.५ | ४२.६ | ५३.५ | ९० |
| ९ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | NDHS 2016 | १४१.७ | ७६.७ | ७४.९ | |
| १० | प्रोटोकल अनुसार पहिलो पटकको गर्भवती जाँच | ६९ | ५२ | NDHS 2016 | ६०.२ | ६९.१ | ६९.१ | |

| .सि.नं | सुचकहरू | नेपाल | प्रदेश | स्रोत | गुठिचौर गाउँपालिका (स्रोत DHIS2) | | | विकास लक्ष्य २०३० |
|---|---|---|---|---|---|---|---|---|
| ११ | प्रोटोकल अनुसार चार पटकको गर्भवती जाँच प्रतिशत | ५८.८ | ५२ | NDHS 2016 | ३८.५ | ५२.२ | ५६.५ | ९० |
| १२ | प्रोटोकल अनुसार तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मिबाट सुत्केरी गराएको प्रतिशत | ५८ | ३५ | NDHS 2016 | ४८.५ | ४२.६ | ५३.५ | ९० |
| १३ | परिवार नियोजनको प्रयोग दर | ४३ | ४५ | NDHS 2016 | १५.८ | १५.८ | २२.६ | ६० |
| १४ | किशोर अवस्थामा गर्भवती हुनेको प्रतिशत | ३.८ | ६.७ | | | | ९.२६ | |

उल्लेखित सुचकहरुमा  नेपालले उल्लेखनीय सफलता हाँसिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएतापनि गुठिचौर गाउँपालिकामा स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै थुप्रै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ४ गुठिचौर गाउँपालिकाकामा बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरू:

### ४.१ समस्या

- संविधानको भावना अनुसार समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था भएतापनी सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा प्रर्याप्त पहुँच पुग्न सकेको छैन ।
- स्वास्थ्य संस्थाहरु उचित तवरले व्यवस्थापन हुन नसक्नु, भौतिक अवस्था कमजोर हुनु, आधारभुत स्वास्थ्य सेवा अन्तर्रगतका केहि सेवाहरु जस्तै ५ वटै परिवार योजनका साधन उपलब्ध नहुनु, PMTCT सेवाको टेष्ट किट नहुनु, आवश्यक स्वास्थ्य उपकरणहरुको प्रर्याप्तता नहुनु, संक्रमण रोकथाममा विषेश निगरानी हुन नसकेको अवस्था छ ।
- औषधी तथा उपकरण खरिद तथा आपूर्ती व्यबस्थापनका लागि प्रक्षेपण, परिमाण निधारण तथा गुणस्तर सुनिश्चितताका लागी आवश्यक जानकारि संकलन नहुनु, संकलित जानकारीहरु अपुर्ण हुनु ।
- उपलब्ध स्वास्थ्य सेवाको गुणस्तर, स्वास्थ्य कर्मीको दक्षता र सेवा प्रभावकारिताको तत्परतामा कमी रहनु, स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद वातावरण सृजना गर्नु पर्ने अवस्था देखिन्छ ।
- स्वास्थ्य सुचना व्यवस्थापनको लागी चाहिने सामाग्रीहरु जस्तै फर्मस् तथा फरम्याटहरु, ल्याप्टप निरन्तर इन्टरनेटको सुविधा ,प्रगति विवरणहरु स्वास्थ्य शाखामा प्रर्याप्त उपलब्ध नहुनु, स्वास्थ्य

सुचना व्यवस्थापन तथा नियमित स्वास्थ्य सम्बन्धि समिक्षाको बारेमा पालिकाको नीति,नियम तथा निर्देशिका नहुनु, सुचनाको नियमित संकलन तथा विश्लेषण नहुनु, प्राप्त सुचनाको प्रयोग योजना तर्जुमा गदा कार्यान्वयन गर्ने अभ्यास नरहेको छ ।

- पालिकाबाट स्वास्थ्य संस्थाहरुमा अनुगमन तथा सुपरिबेक्षण हुने गरेको भएता पनि नियमित र योजनाबद्य तरिकाले नहुनु, पालिकाको स्वास्थ्य क्षेत्रको अनुगमन तथा मुल्याङ्कन निर्देशिका तयार गर्नु पर्ने ।
- निजी क्षेत्रबाट प्रदान गरिने सेवाको कभरेज तथा गुणस्तरबारे पालिकालाई जानकारी कम हुनु, निजी क्षेत्रको लगानी पारदर्शी, प्रभावकारी एबथप व्यवस्थीत गराउन पन निजी स्वास्थ्य सेवा प्रदायकलाई नियमनको दायरामा ल्याउन पालीकासंग कुनै ठोस नीति तथा दस्ताबेज नरहेको अवस्था हरेको छ ।योजना तर्जुमा गर्दा सुचनाको आधारमा र कार्यान्वयन गर्ने अभ्यासमा कमी रहनु, तथ्यमा आधारित योजना तर्जुमा को अभ्यासमा कमिरहेको छ ।
- पालिका अर्न्तगतको गज्या•कोट स्वास्थ्य संस्था मापडण्ड अनुसार नहुनु,खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालनका लागि आवश्यक पूर्वाधारहरु प्रयाप्त मात्रामा नरहेको छ ।
- स्वास्थ्य संस्थामा २४ घण्टे प्रशुति सेवा प्रवाहको लागि आवश्यक औषधी, औजार तथा उपकरणको नियमितउपलब्धता कम छ ।
- नागरीकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जसका कारण बेलाबखत झाडापखाला, हैजा, ज्वरो जस्तो महामारी बेलाबखत देखा पर्ने गरेको छ ।
- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्नजान समेत कठीन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन नसक्नु ।
- महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको देखिनु, बालविवाह जस्ता कुप्रथा विद्यामान रहनु ।
- ज्येष्ठ नागरीक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रर्बद्धनका लागि आवश्यक  स्वास्थ्य सेवाको व्यवस्थापनमा कमी ।
- नागरीकहरुमा व्यक्तिगत  एबएबसामाजिक व्यवहार  परिवर्तन गर्न र प्रबर्द्धनात्मक एवं प्रतिकारात्मक उपचार सेवाको उपयोगितामा बृद्धि हुननसकेको ।
- नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याकंनका साथै प्रतिवेदन गर्ने प्रणालीको विकास गरि कार्यान्वयनमा  आउन नसकेको हुँदा व्यवस्थापकीय पक्षबाट स्वास्थ्यका मुद्धाहरुलाई महत्व र प्राथमिकतामा राखि कार्ययोजना निर्माण नभएको  ।

## ४.२ चुनौती

- वर्तमान अवस्थामा स्वास्थ्य सेवा प्रदायक तहहरु विचको समन्वयमा कमी देखिएको छ जस्को कारणले गर्दा प्रभावकारी र गुणस्तरीय  स्वास्थ्य सेवा पुर्याउन कठिन भएको छ ।

- स्वास्थ्य चौकिमा अकस्मिक सेवा संचालनको नीतिगत व्यवस्था गर्न नसक्नु, औषधी ढुवानि, भण्डारण र बितरणको उचित व्यवस्थापन गर्न कठिन छ ।
- गाउँपालिका भित्र राज्यले अङ्गीकार गरेको आधारभुत एवं आकस्मिक  स्वास्थ्य सेवा को पहुँच लाइ प्रत्येक नागरीकको सहज पहुँचमा पु-याउन चुनौतिपूर्ण छ ।
- भौगोलिक विकटता तथा छरिएर रहेका वस्तिका कारण सेवाग्राहीहरुको सुसूचित हुने हक र प्रेषण प्रणालीको पद्धतिवद्ध विकासमा चुनौति रहेको छ । स्वास्थ्यमा सर्वव्यापि पहुँच सुनिश्चितता गर्नका लागी चुनौति रहेको छ ।
- नवशिशु, वाल तथा मातृ मृत्युदर घटाउन, झाडा पखाला, स्वासप्रस्वास सम्बन्धि रोग, क्षयरोग, कुष्ठरोग, एच आई भि तथा खोपद्वारा रोकथाम गर्न सकिने संक्रामक रोगहरुको नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाउनु छ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार बिभिन्न तहमा सञ्चालित कार्यक्रमको संचालन र अनुगमनमा कठिनाइ, विधि र व्यवहारमा संघीय प्रणाली अनुसार परिवर्तन गर्नु गराउनु चुनौति छ ।
- स्वास्थ्य सेवाको लागि स्थानिय सरकारलाई अधिकार सम्पन्न र जनउत्तरदायि बनाउनका साथै स्थानीय बस्ती तहका स्वास्थ्य कार्यक्रमहरुमा थप जनसहभागिता जुटाउनु पर्ने छ ।
- स्वास्थ्य क्षेत्रको समग्र विकास तथा समानुपातिक तथा सहभागितामुलक स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न आवश्यक नीति तथा कानुन, रणनीती र कार्ययोजनाको अभाव, अपर्याप्त आवश्यक पूर्वाधार तथा जनशक्ति  आदि चुनौतीहरू बिद्यमान रहेका छन् ।

### ४.३ अवसरहरु

- संविधान प्रदत एकल तथा साझा अधिकारका सुचि विस्तृतिकरण भई स्पष्ट रुपमा स्थानीय स्वास्थ्य सेवाको जिम्मेवारी पालिकामा रहनु ।
- सबै तहले स्वास्थ्य क्षेत्रमा लगानी गर्नु, पालिकाले सेवालाइ थप चासोको रुपमा लैजानु ।
- सर्वसाधारण नागरीकमा स्वास्थ्य सेवाको महत्व बारे जनचेतना बढ्दै जानु, सेवाको कभरेज बढ्दै जानु ।
- राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा स्वास्थ्य सेवालाई गुणस्तर बनाउने कुरामा जोड दिनु ।
- कार्यसम्पादनका आधारमा प्रोत्साहन तथा सजायको व्यवस्था गर्न सकिने ।
- निजी क्षेत्रहरुसंग सहकार्य, पालिकाले जनशक्ति को रणनीति तयार गरी लागु गर्न सकिने,
- स्थानीय तहहरुलाई अधिकार प्राप्त हुनु ।
- एकिकृत सुचना प्रणालीको स्थापना गरी सुचनाको सहि प्रयोग गर्न सकिने अवस्था ।
- प्रविधिको पहुँचमा बृद्धि, मुल्यको मापदण्ड तोक्न सकिने ।
- संघिय संरचनागत भुमिकाले गर्दा स्थानीय तहले नै निर्णय गर्न सक्ने ।
- वार्षिक कार्ययोजना र वजेट स्थानीय तहमा तयार गर्न सकिने ।

- जिम्मेवार , कर्तब्यनिष्ठ, जबाफदेही र पारदर्शी सेवा प्रणालीको विकास गरि स्वास्थ्य सुशासन कायम गराउन सकिने ।
- ३ वटै स्वास्थ्य संस्थाहरुबाट चौबिस घण्टे प्रसुती सेवा नियमित संचालनमा ल्याउन ।

## ५ गुठिचौर गाउँपालिका नीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरु

माथी उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०७८ को कार्यान्वयन गरिनेछ ।

- सामाजिक न्यायको आधारमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभुति ।
- नागरीकको स्वास्थ्य सेवा सम्बन्धि सूचनाको हक सुनिश्चित ।
- स्वास्थ्य सेवामा जनसहभागीता, सेवाग्राहीको सन्तुष्टि बृद्धि ।
- समतामूलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य कार्यक्रम कार्यान्वयन ।
- तथ्यमा आधारित योजना, प्रयाप्त लगानी र सेवामा सृजनशिलता ।
- मौलिक र पम्परागत रुपमा रहेको आयुर्वेद, आम्ची लगायतका स्वास्थ्य पद्धतीको संरक्षण र प्रवर्धन।
- बहुक्षेत्रिय समन्वयन, सहकार्य तथा जनसहभागिता मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा ।

### ५.१ भावी सोच (Vision)

गुठिचौर गाउँपालिकाका सबै नागरीकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ५.२ ध्येय (Mission )

संघ तथा प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बिच समन्वय र रणनीतिक सहकार्य गरी नागरीकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.३ लक्ष्य (Goal)

गुठिचौर गाउँपालिकाका सवै नागरीकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

### ५.४. उद्देश्यहरू (Objectives)

- गुठिचौर गाउँपालिकाकाका नागरीकलाई संबिधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने,

- प्रत्येक नागरीकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्द्धन गर्ने,
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने,
- स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यावस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

## ६.नीतिहरु

गुठिचौर गाउँपालिकाकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धि समस्या र चुनौतिलाई सम्वोधन गर्दै गुठिचौर गाउँपालिकाका नागरीकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

६.१. गाउँपालिकाकाका हरेक नागरीकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

६.२ गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रणालीमा मुलप्रवाहीकरण गर्न उत्प्ररित गरिनेछ ।

६.४ गाउँपालिकाका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

६.५ गुणस्तरीय औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरि प्रभावकारी उपयोगलाई सुनिश्चित गरीने छ ।

६.६ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ ।

६.७ गाउँपालिकाकाभित्र स्वास्थ्य क्षेत्रको जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ । कर्मचारीहरुको सीप बिकास तथा बिस्तार गर्न समयानुकुल आवश्यक तालिमको व्यवस्थापनका साथै, स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभुति गरिने छ ।

६.८ गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

६.९ स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ । सुचनाका आधारमा तथ्यमा आधारित स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।

६.१० गाउँपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षितको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।

६.११ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

६.१२ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।

६.१३ जुनोटिक, किटजन्य रोग तथा जनस्वास्थ्य रोगहरुको रोकथाम, नियन्त्रण, निवारण, र महामारीनियन्त्रण तथा विपद व्यवस्थापनका लागि साझेदारहरुसंगको समन्वयमा योजना बनाइ प्रभावकारी कार्यन्वयन गरिनेछ ।

६.१४ जनस्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी बृद्धि गर्दै संघीय,प्रादेशिक तथा निजी लगायत अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१५ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, जवाफदेहिता, सृजनशिल जनमुखी एवं परिणाममुखी बनाउदै लगिनेछ ।

६.१६ गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यबस्तुलाई प्रवर्धन गर्दै गुणस्तरीय, स्वास्थ्यबर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।

६.१७ फोहरमैलाको उचित व्यवस्थापन, पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रवर्द्धन र व्यवस्थापन गरी गाउँपालिका वासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

६.१८ जनसंख्या व्यवस्थापनलाई गुठिचौर गाउँपालिकाका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्नेछ ।

६.१९ प्रशुति केन्द्रमा कार्यरत नर्सिगं स्टाफहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६.२० गाउँपालिकामा आकस्मिक प्रशुति कोष खडा गरिनेछ ।

६.२१ महिला स्वास्थ्य स्वयं सेविकाहरुको सेवा व्यवस्थित गरिनेछ ।

## ७.नीतिअर्न्तगत रणनीतिहरुः

**नीति :७.१ गाउँपालिकाका हरेक नागरीकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

१.१ गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाह प्रभावकारी रुपमा उपलब्ध गराईनेछन । भुगोल र जनघनत्वका आधारमा आवश्यकता अनुसार आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ । थप गरिएका सेवाहरुको व्ययभार पालिकाले व्यवस्थापन गर्नेछ र कार्यक्रम संचालन गर्नका लागी निर्देशिका तयार गरि कार्यन्वयन गरिने छ ।

१.२ गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट न्युनतम मापडण्ड सहितको निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछ । नियमित रुपमा प्रकृयागत तवरले प्रत्येक स्वास्थ्य संस्थाको मापदण्डको समिक्षा गरीने छ ।

१.३ गुठिचौर गाउँपालिकाका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

१.४ संघ तथा प्रदेश तहबाट निर्देशित गरिएका विभिन्न राष्ट्रिय कार्यक्रमहरुको प्रभावकारी रुपमा व्यवस्थापन गरि संचालन गरिनेछ ।

१.५ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधी उपकारणहरुको व्यवस्थापन गरिनेछ । न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणालीलाई सुदृढ गरीने छ ।

१.६ मातृ तथा नवशिशु र गर्भवती महिलाहरुको आकस्मिक अवस्था व्यवस्थापनको लागि पालिका तथा प्रत्येक स्वास्थ्य संस्थामा कार्यविधि तयार गरी आकस्मिक प्रशुति कोषको स्थापना गरिने छ । प्रशुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु २४ घण्टा संचालन हुने व्यवस्था मिलाईने छ ।

१.७ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरीक मैत्री संस्थाको रुपमा विकास गरिने छ ।

१.८ प्रत्येक वडामा आधारभुत स्वास्थ्य केन्द्रहरु स्थापना गरी प्रभाबकारी रुपमा संचालन गरीएको छ । आधारभुत स्वास्थ्य कोन्द्रहरुमा समयानुकुल सेवाहरु थप गर्दै नागरीकको मौलिक हकको रुपमा रहेको आधारभुत स्वास्थ्य सेवा पाउने हक संरक्षण गरिने छ ।

१.९ खोप क्लिनिक गाँउधर क्लिनिक प्रभाबकारी रुपमा संचालन र बिस्तार गर्दै भौतिक पुर्वाधारहरु निर्माण गरि सुविधा सम्पन्न बनाई सेवाको दायरालाई प्रभाबकारी रुपमा विस्तार गरिने छ ।

**नीति :७.२ गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

२.१ संघीय र कर्णाली प्रदेश सरकारसंग समन्वय गरी गुठिचौर गाउँपालिकाकामा १५ शैयाको अपाङ्ग मैत्री अस्पताल स्थापना गरिनेछ । अस्पताल संचालनका लागी आवश्यक जनशक्ति, औजार, उपकारण तथा सेवा संचालनक गर्न आवश्यका तालिम व्यावस्था मिलाईने छ ।

२.२ गाउँपालिकाका वडाहरुसंग समन्वय गरी दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ र सेवाको पहुचमा बृद्धि गर्न आवश्कता अनुसार स्वास्थ्य संस्था थप गदै लगिने छ ।

२.३ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । Blood bank को स्थापना गरी आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यावस्था मिलाइने छ ।

२.४ स्वास्थ्य संस्थाहरुमा स्वच्छ खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित) र इन्टरनेट सेवाको व्यवस्था गरिने छ । प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।

२.५ प्रत्यक स्वास्थ्य संस्थाहरुमा ल्याब स्थापना गरी सेवा प्रदान गरीने छ ।

२.६ बिषय विशेषज्ञ सहितको सेवा , उपकरण र आबस्यक अनुसारको तालिमका साथै भौतिक पुवधार र जनसक्तिको व्यावस्थापन गदै लगिने छ ।

**नीति ७.३. सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रणालीमा मुलप्रवाहीकरण गर्न उत्प्ररित गरिनेछ ।**

३.१ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई स्वास्थ्य प्रवर्धन, सर्ने तथा नसर्ने रोगको बारेमा अभिमुखिकरण गर्दै लगिने छ ।

३.२ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई उनीहरुले गर्दै आएको सकारात्मक परम्परागत पद्धतिका साथै स्वास्थ्य संस्थामा प्रेषण गर्ने कृयाकलापलाई प्रोत्साहन गरि प्रेषण प्रणालीलाई सुदृढ गरीने छ ।

३.३ धाँमी झाँक्री, गुरु, पुजारी, लगायतका सेवा प्रदायकलाई जनस्वास्थ्य अभियानहरुमा सहभागी गराइने छ । जन स्वास्थ्य सेवा र जनचेतनामुलक कार्यक्रमहरुको अभिमुखिकरण र तालिममा क्रमिक रुपमा सहभागि गराउदै लगिने छ । सुडिनी, सासुवुहारी अन्तरक्रिया कार्यक्रम तथा तालिम संचालन गदै लगिने छ ।

३.४ सामाजिक रीतिरिवाज र परम्परागत मुल्य मान्यताका रुपमा सदियौ देखि रहि आएको कुरितिहरु जस्तै छुईप्रथा, छुवाछुत, बालविवाहलाई निरुत्साहित गर्दै, उलङ्घन गर्ने लाई दण्डनिय गरिने छ ।

३.५ महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन Dignity KIT उपलब्ध गराइनेछ ।

**नीति :७ ४ गाउँपालिकाका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

४.१. गुठचौर गाउँपालिकाका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, इन्टरनेट सेवा उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।

४२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य ईकाई, स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । यसरी विस्तार गरिएका स्वास्थ्य संस्थाहरुमा दरवन्दि अनुसारको जनशक्तिको व्यावस्थापन गरि सेवा प्रभावकारी बनाइने छ ।

४.३ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान सुरु गरि क्रमागत रुपमा बिस्तार गरिने छ ।

४.४. आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि औषधी खोप तथा अन्य स्वास्थ्य सामाग्रीहरूको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ । औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन र नियमनको व्यवस्था गरिनेछ ।

४.५ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, बिजुली (वैकल्पिक व्यवस्था सहित), मापदण्ड अनुसार फोहोरमैला बिसर्जन गर्ने व्यवस्था गरिने छ ।

४.६ गाउँपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**नीति :७.५ गुणस्तरीय औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरि प्रभावकारी उपयोगलाई सुनिश्चित गरीने छ ।**

५.१ प्रत्येक वर्ष तथ्यमा आधारित औषधी खरिद योजना प्रक्रिया अबलम्बन गरिनेछ । स्वास्थ्य संस्थामा र पालिका स्तरमा औषधी तथा सामग्रीको आकस्मिक माग बिन्दु र स्वीकृत मौज्दात परिमाण लाइ सन्तुलन मा राख्ने व्यवस्था अनिबार्य गरिने छ । खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ । जिन्सी खाताको नियमित प्रयोग र अद्याबधिक गर्ने कुराको थालनी गरि नियमितता दिइने छ ।

५.२ स्वास्थ्य संस्थामा अत्यावश्यक औषधी तथा सामाग्रीको नियमित उपलब्धताको सुनिश्चित गर्न स्वास्थ्य संस्थामा आकस्मिक औषधी तथा उपकरण खरिद को लागि अनिबार्य रुपमा बजेट

बिनियोजन गरि लागु गरिने छ । उपकरणहरुको मर्मत तथा सम्भारकालागि सम्बन्धीत निकायसँग समन्वय गरिनेछ ।

५.३ दातृ निकाय वा अन्य कुनै सहयोगी संघ संस्थाबाट स्वास्थ्य संस्थाको लागि हुने औषधी तथा सामग्रीजन्य सहयोग पालिकाको एकद्वार प्रणालीमार्फत मात्र हुने व्यवस्था छ ।

५.४ स्वास्थ्य संस्था स्तरमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको रोहबरमा औषधी तथा सामग्री को दाखिला गर्ने, म्याद गुज्रेका औषधी तथा सामाग्री नष्ट गर्ने र आवश्यक औषधी माग गर्ने प्रक्रियालाई अनिवार्य गरिने छ ।

५.५ स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधी तथा औषधी जन्य सामाग्रीहरु गाउँपालिकाले आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ । खोप खेर जाने दर लाइ न्यून गरि शुन्यमा झादै लगिने छ । यसको लागी खोपको सब सेन्टर स्थापना गरिने छ । साथै बाँकि रहने खोपलाई अवस्था हेरी तत्काल कोल्ड स्टोरमा दाखिला गर्ने व्यावस्था मिलाइने छ ।

५.६ गाउँपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ प्रयोगशाला, क्षयरोग MDR होस्टेल लाई क्रमशः स्थापना गरि व्यवस्थित रुपमा संचीलन गरिनेछ ।

५.७ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागी संक्रमण निवारण सम्बन्धि अभिमुखिकरण तथा कार्यन्वयनको लागी बजेटको व्यवस्थापन गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थामा संक्रमण रोकथाम गर्न कर्मचारीको व्यावस्था गरीनुका साथै तालिम संचालन गरि कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिने छ ।

**५.८** स्वास्थ्य संस्थामा संक्रमण रोकथामका तथा औजार उपकरण निर्मुलिकरण गर्ने व्यावस्था मिलाईने छ । गुणस्तर स्वास्थ्य सेवा प्रवाह गर्नका लागी स्वास्थ्य संस्था सफा र स्वच्छ राख्ने व्यवस्था मिलाइने छ ।

**५.९** संक्रमण रोकथामका लागि आवश्यक पर्ने निर्मुलिकरण औषधी,औजार तथा उपकरणहरुको व्यवस्था मिलाउनका लागी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितीलाई सकृय बनाई बजेट व्यावस्था मिलाईने छ । संक्रमण रोकथामका लागि भाइरेक्स प्रत्येक दिन तयारी अबस्थामा राख्ने व्यवस्था मिलाइने छ ।

**नीति :७.६ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याउने रणनीति अबलम्बन गरिने छ ।**

६.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष्य अनुसार पालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषणसंग सम्बन्धीत कार्यक्रमलाई वडा तथा स्वास्थ्य संस्थासग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने व्यबस्था मिलाइने छ ।

६.२ विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (विद्यालय पोषण-दिवा खाजा, जुकाको औषधी वितरण,स्वास्थ्य परीक्षण, किशोर किशोरी सेवा) संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।

६.३ मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बाल मृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्ष्यहरु तय गरि आवधिक कार्ययोजना तयार गरि लागू गरिनेछ ।

६.४ आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्दै अन्य सेवाहरु बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ्य व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।

६.५ बर्थिङ सेन्टर प्रसुती केन्द्रहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नर को सुबिधा उपलब्ध गराइनेछ । प्रत्येक बर्थिङ सेन्टर प्रसुती केन्द्रहरुलाई सडक मार्गले जोड्ने व्यवस्था मिलाईने छ ।

६.६ नवजात शिशु तथा बाल रोगको एकिकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ । स्वास्थ्यकर्मीहरुलाइ आवश्यकता अनुसार क्षमता अभिबृद्धि गरीने छ ।

६.७ सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा किनवेच लाई निरुत्साहीत गरी यसको प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने कानून बनाई कार्यान्वयन गरिनेछ । स्वास्थ्य संस्थाको २०० मिटर सम्मको दुरीमा यस्ता बस्तुहरुको बिक्री वितरणमा रोक लगाइने छ ।

६.८ बढ्दो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर संचालन गरिनेछ ।

६.९ Package of Essential Noncommunicable Disease (PEN) कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिने छ । उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ

६.१० स्वस्थ्य जीवनशैली, शारीरिक व्याम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

६.११ गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरीकलाई लक्षित गरि .सामुदायिक नर्स मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

६.१२ मौसमी बसाई सराई, श्रम बसाई सराई, यार्सा एवमं जडिबुटी संकलन समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ ।

६.१३ मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यकमलाई प्रभावकारी रुपमा संचालन गरीनेछ । जनस्वास्थ्य सेवा कार्यालय, कर्णालि स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग नियमित समन्वयन गरेर मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यकमलाइ व्यवस्थित गरीनेछ ।

६.१४ प्रोटोकल अनुसार गर्भवति जाँच तथा उत्तर प्रसुति सेवा र संस्थागत सुत्केरी दर बढाउनका लाग जनचेतना प्रबधन, जनसक्ति व्यवस्थापन गरीनका साथै रात्री सेवा जोखिम भत्ताको व्यवस्था गरीने छ ।

६.१५ गुणस्तरीय सुत्कोरी सेवा प्रधान गर्न स्वास्थ्य कर्मीहरुलाई आवस्यक ज्ञान सीप र क्षमता अबिवृधीका लागी गाँउपालीकाबाट बजेत ब्याबस्थायन गरीने छ ।

६.१६ परिवार नियोजनको पाँचै वटा साधनहरुको नियमित उपलब्धताको व्यावस्था मिलाइने छ । साथै स्वास्थ्य कर्मीहरुलाई तालिम व्यवस्था गरी सेवाको प्रभावकारी कार्यान्वयन गरीने छ ।

६.१७ उपाधक्ष्य महिला उत्थान कार्यक्रम (सुत्केरी महिलाहरुलाई ), अध्यक्षसंग गर्भवति भेटधाट कार्यक्रम जस्ता सामाजिक कार्यक्रमहरु कार्यान्वयन गर्दै लगिने छ ।

**नीति :७.७ गाउँपालिकाका भित्र स्वास्थ्य क्षेत्रको जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ । कर्मचारीहरुको सीप बिकास तथा बिस्तार गर्न समयानुकुल आवश्यक तालिमको व्यवस्थापनका साथै, स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभुति गरिने छ ।**

७.१. बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।

७.२ जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा गाउँपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मी लाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ ।

७.३ गाउँपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति बिकास प्रणाली व्यवस्थित गरिनेछ । गाउँपालिकामा रहेका सम्पूर्ण स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।

७.५ आवश्यकता अनुसार स्वास्थ्यकर्मीको प्राविधिक तथा व्यवस्थापकीय क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य सेवामा काम गर्ने सम्पूर्ण कर्मचारीहरुलाई आफ्नो काम कर्तव्यप्रति थप जिम्मेवार बनाउनका लागी नतिजामुखि कार्य विवरण तयार गरि लागु गरिनेछ । स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

७.६ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृद्धी विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।

७.७ स्वास्थ्यकर्मी लाई स्वास्थ्य बिमामा आवद्धगदै, उपचारात्मक खर्च कम गरीने छ ।

७.८ स्वास्थ्यकर्मी कम्तिमा ३ बर्ष एउटै संस्थामा रहि काम गर्नुपर्ने छ ।

७.९ स्वास्थ्य कर्मीहरुको वार्षिक कार्यको मुल्याकन गर्ने व्यवस्था मिलाइने छ । कार्य सम्पदाका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मी छनैट गरी स्वास्थ्यकर्मी लाइ प्रोत्साहन गर्ने व्यावस्था ा मिलाईने छ ।

७.१० योग्यता पुगेका स्वास्थ्यकर्मीहरु उच्चशिक्षा अध्यपनको लागी छात्रबृद्धि उपलब्ध गराई स्थानिय तहमा विशिष्ट स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ ।

**नीति ७.८. गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।**

८.१ गाउँपालिकामा उपलब्ध हुने जडिबुटीहरुलाई विशेष योजना बनाई उत्पादनमा बृद्धि गर्दै व्यवसायिक गर्दै लगिनेछ । अनिधिकृत रुपमा जडिवुटीको बेचबिखन पूर्ण रुपमा निषेध गर्दै, गाउँपालिकाको पहलमा व्यवस्थित बिक्रि बितरणको व्यवस्था मिलाईनेछ

८.२ आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सकीय प्रणालीको अनुचित गतिविधिको नियमन गरी त्यस्ता गतिविधिहरुलाई निरुत्साहित गर्दै नियमित अनुगमन र नियमन गरी व्यवस्थित गरिनेछ ।

८.३ आयुर्वेद सेवाको विकास र प्रभावकारी कार्यान्वयनको लागी संघ र प्रदेशसँग समन्वयन गरी आवश्यक संरचनाको विकास र विस्तार गर्दै लगिनेछ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्थापना गरिने छ ।

८.४ राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरिनेछ साथै निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमन गरिनेछ ।

८.५ गाउँपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमश: एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गरिनेछ । गाउँपालिकामा उपलब्ध हुने जडिबुटिहरुको स्थानीय स्तरमै प्रशोधन गर्नका लागी प्रशोधन अद्योग स्थापना गर्न पहल गरीने छ ।

**नीति ७.९. स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ । सुचनाका आधारमा तथ्यमा आधारित स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।**

९.१ नियमित रुपमा प्रचलित स्वास्थ्य सम्बन्धि सुचना प्रणालीलाई समयमा नै पूर्ण रुपमा सम्पन्न गर्ने प्रवन्ध मिलाईनेछ ।नियमित रुपमा तथ्याङ्गीय गुणस्तर कार्यक्रम गर्न तथ्याङ्ग गुणस्तर तथा लोखाजोखा गर्ने कार्यलाई व्यावस्थित गदै लगिने छ ।

९.२ सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा DHIS – 2 को विस्तार गरी बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदनगर्ने व्यवस्था सुनिश्चित गरीनेछ । नियमित बिधुत र इन्टरनेटको व्यावस्थाका साथै प्रत्येक स्वास्थ्य संस्थाम १/१ कम्प्युटर व्यावस्था गरीने छ ।

९.३ तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ । गाउँपालीकाको स्वास्थ्य क्षेत्रको अनुगमन तथा सुपरिवेक्षण निर्दोशिका निर्माण गरी पुण रुपमा कार्यन्वयन गरीने छ ।

९.४ स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय एबं प्रादेशीक प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

९.५ EWARS Reporting लाई आवश्यकता अनुसार स्वास्थ्य संस्था सम्म विस्तार गरी तुरुन्त रिर्पोटिङ हुने व्यवस्थाको विकास गरिनेछ ।

९.६ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सो कार्यका लागि स्रोत व्यवस्थापन, अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ । स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवं संस्थालाई पुरस्कृत गरिनेछ ।

९.७ संघ तथा कर्णाली प्रदेशसँगको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

९.८ स्वास्थ्य सुचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ

९.९ स्वास्थ्य सेवालाइ जन उत्तरदायि बनाउनका लागी नियमित सार्वजानिक सुनाई, सामाजिम परिक्षण गर्ने व्यावस्था  मिलाईने छ ।

९.१० जनताको सुचनाको हक स्थपित गर्न स्वास्थ्य संस्थाबाट प्रदान गरीने सेवाहरुको जनकारीका लागी समयअनुकुल नगरीक वडा पत्रको व्यावस्था  गरीने छ ।

**नीति ७. १०.गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षितको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्थाा गरिने छ ।**

१०.१ स्वास्थ्य बीमाको दायरा बढाइ गाउँपालिकाका सबै नागरीकको स्वास्थ्य बीमामा आबद्ध गराइनेछ ।

१०.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लगिनेछ ।

१०.३ अति गरीब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।

१०.४ रिफरल अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी व्यवस्थापन गरिनेछ ।

**नीति ७. ११. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।**

११.१. निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, संचालन अनुमति दिने तथा नियमन् गर्ने व्यवस्था मिलाईने छ ।

११.२. एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी स्वास्थ्य प्रवर्द्धन, अनुगमन तथा क्षमता अभिबृद्धी गर्ने कार्यमा परिचालन गरिने छ ।

११.३ गाउँपालिकाका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

११.४ गाउँपालिकामा प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु संचालन सम्वन्धी बनेका गाउँपालिका स्तरीय, प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमनगरिनेछ ।

११.५ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाइ प्रभावकारी बनाइनुका साथै सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरीने छ । सेवा ग्राहि हरुको सन्तुष्टि मापन गर्ने चेकलिष्ट तयार गरी कार्यान्वयन गरीने छ ।

११.६ सेवामा दोहोरोपना हुन नदिन एकद्वार नीति अबलम्बन गरीने छ । सार्वजनिक तथा निजी क्षेत्रले आफ्नो प्रगति प्रतिवेदन नियमित रुपमा पालिकामा पेश गर्ने व्यवस्था मिलाईने छ ।

११.७ सार्वजनिक तथा निजी क्षेत्रको सहभागीताको अवधारणलाई थप प्रोत्साहित तथा व्यवस्थित गरिने छ ।

११.८ पालिका स्वास्थ्य व्यावस्था पन समिति तथा गुणस्तर सुधार टोलि लाई कृयाशिल बनाईने छ । समिति तथा टोलिबाट नियमित योजनानुसार स्वास्थ्य कार्यक्रमको नियमित अनुगमन गरी पृष्टपोषण दिने व्यावस्था मिलाइने छ । न्युनतम सेवा मापदण्ड अनिवार्य रुपमा कार्यान्वयन गरिने छ ।

**नीति ७.१३. जुनोटिक, किटजन्य रोग तथा जनस्वास्थ्य रोगहरुको रोकथाम, नियन्त्रण, निवारण, र महामारी नियन्त्रण तथा विपद व्यवस्थापनका लागि साझेदारहरुसँगको समन्वयमा योजना बनाइ प्रभावकारी कार्यन्वयन गरिनेछ ।**

१३.१ गाउँपालिका विपत व्यवस्थापन पूर्वतयारी योजना बनाईने कार्यान्वयन गरिनेछ । आवश्यक रकम विनियोजन गरी बिपत व्यवस्थापन गरीने छ ।

१३.२ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ र गाउँपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक

स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा को रूपमा राखिनेछ ।

१३.३ गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ । विपद व्यवस्थापन, जोखिम न्युनीकरण, स्वास्थ्य प्रर्वधन लगायतका समग्र स्वास्थ्य सेवामा नागरीक र समुदायको सकृय सहभागीता तथा योगदानलाई प्रोत्साहित गरिनेछ ।

१३.४. दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

१३.५ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न सम्बन्धी कार्यक्रम कार्यान्वनयनको अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ ।

१३.६ समयमै रोगको पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु संचालन गरिनेछ । क्षयरोग, कुष्ठरोग, HIV AIDS, जस्ता सरुवा रोगहरुको रोकथाम नियन्त्रण निवारण र उन्मूलनको लागि प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

१३.७ खोपबाट गर्न सकिने रोगहरुको रोकथाम नियन्त्रणका तथा निवारणका लागि निगरानी कार्य गरी गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ  र यसलाई निरन्तरता दिइने छ ।

१३.८ सुचिकृत रोगहरुको सुचित गर्ने पद्धती (Notification System) विकास गरि कार्यन्वयन गरिनेछ ।

**नीति ७. १४  जनस्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी बृद्धि गर्दै संघीय,प्रादेशिक तथा निजी लगायत अन्य लगानीलाई व्यवस्थित  गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

१४.१ जनस्वास्थ्यसँग सम्वान्धित प्रचारत्मक सेवाहरुलाइ संचालन गर्दै रोग लाग्ने दर न्युनीकारण गरिने छ ।

१४.२ व्याक्तिगत तथा वातावरणिय सरसफाईका क्रियाकलाप संचालन गरि व्याक्ति स्वच्छ वातावरणमा जिउन पाउने हकको सुनिश्चितता गरिने छ ।

१४.३ अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था मिलाइनेछ ।

१४.४ प्रेषण प्रणाली लाइ व्यवस्थित  बनाइ दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको सहजिकरण र व्यवस्थापन गरिने छ ।

१४.५ लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरीक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवंम

हेरचाहको लागि निजी सरकारी सहकार्या गरी गाउँपालिकामा पुर्नस्थापना गर्न समन्वय पहल गरीने छ ।

१४.६ बिशेषगरी महिलाहरुको कार्यबोज न्युनीकराण र लैंगिक समनताका लागी जनचेतनामुलक क्रियाकलापहरु योजना गरीने छ। (दम्पती भोटघाट, सासु ससुरा र बुहारी सम्बाद कार्यक्रम, घरायासी काममा पुरुषको भिमिका जस्ता क्रियाकलापहरु संग सम्वन्धित बिभिन्न क्रियाकलाप कार्यान्वयन गर्दै लगिने छ) ।

१४.७ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ (Rapid Ambulance) ।

१४.८ गाउँपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो बजेटमा क्रमश बृद्धि गरिनेछ ।

१४.९ अति गरिव, असहाय, द्वन्द पीडित, एकल महिला तथा एकल पुरुषलाई गाउँपालिकाले परिचयपत्र प्रदान गरीसम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिने छ ।

**निति ७.१५.स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, जवाफदेहिता, सृजनशिल जनमुखी एवंम परिणाममुखी बनाउदै लगिनेछ ।**

१५.१ स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई गाउँपालिकाभरी प्रभावकारी रुपमा लागू गरिनेछ । सेवा प्रदायकहरुको कार्य विवरण तयार गरि सोहि अनुसार कार्य सम्पादन गर्ने प्रोत्साहान नरिने छ ।

१५.२. स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ । स्वास्थ्यकर्मीलाई आफ्नो काम, कर्तव्य प्रति जवाफदेही बनाईने छ । सेवा ग्राही सन्तुष्टी, मूल्याकन प्रणाली निरन्तर रुपमा कार्यावयन गरिनेछ ।

१५.३. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्नको लागी सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई नागरीक बडापत्रको व्यवस्था गरिनुका साथै सेवा प्रवाहमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।

१५.४. स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनमुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने छ ।

१५.५. गाउँपालिका भित्रका नागरीकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार सम्बन्धित जानकारी पाउने हक सुनिश्चित गर्न सूचना तथा सन्चार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१५.६ आपुर्ति व्यवस्थापन प्रणालीलाई समयानुकुल चुस्त दुरुस्त बनाइनेछ । निर्मुलीकरण तथा गुणस्तरीयता कायम राख्ने सामाग्री आपुर्ति गरीनेछ । स्वास्थ्य संस्थाबाट उत्सर्जित फोहरमैलाको उचित तवरले विर्सजन गरिनेछ ।

१५.७ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्बेवार वनाइ सेवा सुदृढ गरिनेछ ।

**नीति ७.१६ गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यबस्तुलाई प्रवर्धन गर्दै गुणस्तरीय, स्वास्थ्यबर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।**

१६.१ स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थको येथेष्ट उत्पादन, उचित प्रयोग र पहुँचलाई बृद्धि गर्न बहुक्षेत्रिय सहकार्यलाई जोड दिईनेछ । पोषण सम्बेदनशिल कृषि कार्यलाई व्यवस्थित तरीकाले बढावा दिइदै लगिनेछ । प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण अपनाई सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१६.२ खाद्य वस्तु उत्पादनमा लागेका कृषकहरुलाई रैथने वालीहरु जस्तै कोदो, जौ, फापर, स्थानीय आलु जस्ता कृषि उपजहरुको उत्पादकत्वमा बृदि गर्न प्रोत्साहन गर्दै लगिनेछ । कृषि सेवा तथा पशु सेवा केन्द्रहरुसँग समन्वयन गरेर कृषकहरुलाई पोषण सम्बन्धि कक्षाहरुको व्यवस्था मिलाइनेछ ।

१६.३ पालिकाको पहलमा उन्नत जातका बिऊ बिजनको व्यवस्थापन गर्न पहल गर्दै उत्पादन बृद्धि गरीनेछ । साथै उत्पादित बस्तुको व्यवस्थित बजारिकरणको व्यवस्थापन गर्न पालिकालाई निरन्तर सहयोग गरिनेछ । उत्पादित पौष्टिक खाद्यपदार्थको प्रशोधन तथा बजारीकरणका लागी प्रोत्साहन र सहुलियत जन्य कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१६.४ खाद्य विविधीकरणमा जोड दिदै पोषण व्यवहार सुधार तथा पत्रु खानालाई निरुत्साहित गर्ने सम्बन्धी सामाजिक ब्यबहार परिवर्तनका कार्यक्रमहरु लागु गरिने छ । पोषणयुक्त बाल पौष्टिक आहार, विदालय दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर सुनिश्चित गर्ने प्रावधान बनाईनेछ । गाउँपालिका अर्न्तगत संचालन हुने कुनै पनि कार्यक्रममा खाजाको रुपमा रैथाने वालिबाट बनाइएका खाजा प्रयोग गरिनेछ ।

१६.५ सुनैला हजार दिनका आमाहरुलाई लक्षित गरि कृषि शाखा संग समन्वयन गरि पोषिलो तरकारी उत्पादन गर्न जोड दिन करेसा बारि निर्माण गर्न पहल गरिने छ । आवश्यक बिउ बिजनका लागी कृषि शाखा संग समन्वय गरिने छ ।

१६.६ खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन, बिक्रि बितरणको लागी नियमन गरिने छ । गाउँपालिकाको नाकामा पशु स्वास्थ्य परिक्षणको व्यवस्था मिलाई स्वस्थ पशुलाई मात्र पालिका प्रवेश गर्ने वातावरण निमार्ण गर्न पालिकालाई सहयोग गरि स्वस्थ्य मासु तथा दुधको प्रयोग सुनिश्चित गरिनेछ । कुनै पनि उत्पादित तयारी खानेकुराहरुमा अनिबार्य लेवलिङ तथा समयावधिको अनिवार्य व्यवस्था गरिने छ ।

१६.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । महिला तथा बालबालिकाको पोषण अबस्था सुधारको लागी पोषिलो परिकार तयारी गर्ने सिपको विकास र प्रयोग गर्ने

पद्धतीको विकास  गर्दै लगिने छ । खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण कार्यालयसँग समन्वयन गरि विभिन्न पोषिलो परिकार तयारी गर्ने  सिप विकास तालिमको व्यवस्था मिलाईनेछ ।

१६.८ बहुक्षेत्रीय पोषण कार्यक्रम, शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धीत कार्यक्रम विस्तार, परिष्कृत एवमं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू आवश्यकता अनुसार विस्तार गरिनेछ ।

**नीति : ७.१७ फोहरमैलाको उचित व्यवस्थापन, पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रवर्द्धन र व्यवस्थापन गरी  गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

१७.१ गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ । समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ ।

१७.२ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिने छ । वडा समितिहरु संग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा स्वास प्रस्वास  रोगको कारक मानिएको घरभित्रहुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ । खुला दिशामुक्त गाउँपालिकाबाट पूर्ण सरसफाइ युक्त गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ ।

१७.३ गाउँपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर, कार्यान्वयन र नियमन गरिनेछ । सफा र स्वच्छ पिउने पानिको व्यवस्थापन गर्न, १ घर १ धारा अभियान संचालन गरिने छ । प्रत्येक घरधुरीलाई फिल्टरको व्यावस्था  मिलाईने छ ।

१७.४ घरायसि कामबाट निष्कासित घरायसि फोहोरहरु जस्तै खेर गएका काचो तथा पकाएका खानेकुरा, पशुहरुका मल मुत्रहरु आदिलाई प्रारङ्गिक मलको रुपमा प्रयोग गर्ने बानीको विकास गर्दै लगिनेछ । घरायसि कामकाजबाट निष्कासित पानीलाई संकलन गरी करेसाबारी सिचाईको लागी प्रयोग हुने वातावरण मिलाईनेछ । बजार क्षेत्र तथा बाक्लो बस्ति भएका स्थानमा फोहोर संकलनका लागी पालिकाको पहलमा कन्टेनरको व्यवस्थाका साथै संकलित फोहोरको उचित व्यवस्थापन तथा विसर्जनको व्यवस्था गरिनेछ ।

१७.५ गाउँपालिका भित्र जल, वायु, ध्वनी लगायत अन्य वातारणीय प्रदुषण नियन्त्रण गर्न लागि सम्बन्धित निकायहरुसंग समन्वय गरीने छ ।

१७.६ किटनाशक बिषादीको प्रयोगलाई निरुत्साहित गर्दै औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरीनेछ ।

१७.७ सबै स्वास्थ्य संस्थाहरुमा फोहोरमैला व्यस्थापनको लागि फोहोर संकलन गर्ने बाल्टिन, संक्रमण तथा प्रदुषण निवारण र निर्मलीकरण गर्ने सम्बन्धि आबश्यक औजार र सामग्रीहरु, प्लासेन्टा पिट र फोहोर जलाउने खाडल को मापदण्ड अनुसार व्यवस्था गरिने छ। सार्बजनिक स्थलहरुमा फोहोरमैला व्यवस्थापन तथा संक्रमण नियन्त्रण सम्बन्धि कार्यलाई राष्ट्रिय मापदण्ड अनुरुप कार्यान्वयनमा ल्याइने छ । फोहोरमैला व्यस्थापनको लागि डिस्पोजल साईटको छनौट गरी फोहार बिर्सजनका लागी ढुवानी साधनको व्यावस्था गरीने छ ।

१७.८ गाउँपालीकामा फोहोरमैला व्यावस्थापनकोलागि ढल निकासको व्यावस्थापन गरिने छ ।

१७.९ पेशागत स्वास्थ्य सुरक्षाका लागि ्आइपर्ने जोखिमहरु न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ ।

१७.१० पर्यावरण र वातावरणीय परिवर्तन साथै कार्यस्थलको वातावरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्न सक्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ ।

**नीति :७.१८ जनसंख्या व्यवस्थापनलाई गुठिचौर गाउँपालिकाका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्नेछ ।**

१८.१ गाउँपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरिनेछ ।

१८.२ जनसंख्या सम्बन्धित सूचनालाई बिकास आयोजना तर्जुमा गर्दा र कार्यक्रम बिकास गर्दा प्रमुख रुपमा उपयोग गरिनेछ ।

१८.३. हरेक बालबालिको अनिवार्य जन्मदर्ता समयमै गर्ने गराउने व्यवस्था गरि ५ बर्ष सम्म ट्रयाकिंग गरिने छ ।

१८.४. समुदायस्तरमा भएका हरेक नवजात शिशु एवमं मातृ मृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्ध गरिनेछ ।

१८.५ वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवमं पैरबी गर्नुका साथै वस्ती बिकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती बिकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ।

१८.६. स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा व्यवस्थित परिवार एवंम परिवार योजना सम्बन्धि कार्यक्रम संन्चालन गरिनेछ । महिला तथा बालबालीका शाखा संग समन्वय गरि बाल विवाहा न्युनिकारण क्रियाकलाप संन्चालन गरिने छ ।

१८.७ स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ।

१८.८ २ सन्तान मात्र जन्माउनेलाइ प्रोत्साहन तथा पुरस्कृत गरिने छ। परिवार नियोजन र जन्मान्तर सम्बन्धि जनचेतना कार्यक्रम संचालन गरिने छ । परिवार नियोजनका सादन हरु प्राप्तमात्रामा उपल्ब्धताको सुनिश्चित गरिने छ ।

**नीति :७. १९ प्रशुति केन्द्रमा कार्यरत नर्सिङ्ग स्टाफहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।**

१९.१ प्रशुति केन्द्रमा कार्यरत नर्सिङ्ग स्टाफहरुलाई आवासको व्यवस्थापन मिलाइनेछ।

१९.२ संस्थागत प्रशुति दर वृद्धि गर्नका लागि नर्सिङ्ग स्टाफहरुलाई मासिक रुपमा घर दैलो कार्यक्रममा परिचालन गरिने छ र परिचालित नर्सिङ्ग स्टाफलाई यातायात खर्चको व्यवस्था गरिनेछ।

१९.३ सुत्केरीको अवस्था जानकारी लिनका साथै अन्य उत्तर प्रशुतिका अवस्थाहरु अनिवार्य जानकारी लिई परामर्श दिनकालागि नर्सिङ्ग स्टाफलाई प्रति सुत्केरी रु १०० बराबरको मोबाइल रिचार्ज वडाको समन्वयनमा व्यवस्था मिलाइनेछ।

१९.४ नसिङ्ग स्टाफहरुले नाइट डियुटि गरे बाफत खाजा भत्ता गाउँपालीकाले व्यवस्था मिलाइनेछ साथै जोखिम भत्ताको व्यावस्था मिलाइने छ।

**नीति :७. २० गाउँपालिकामा आकस्मिक प्रशुति कोष खडा गरिनेछ।**

२०.१ गुठिचौर गाउँ पालिकाले आकस्मिक प्रशुति कोषको स्थापना गर्ने छ। उक्त कोषको रकम जटिल अवस्थाका गर्भवति महिलाहरुलाई सुरक्षित सुत्केरी सेवा प्राप्त गराउने कार्यमा खर्च गरिने छ।

२०.२ आकास्मिक प्रसुति कोषको स्थापना गर्ने र जोखिम सुत्कोरीलाइ रिफर गर्नु परेमा सो कोषको कार्यविधि बनाई प्रयोगमा ल्याइने छ।

**नीति : ७.२१ महिला स्वास्थ्य स्वयम सेविका सेवा व्यवस्थित गरिनेछ।**

२१.१ महिला स्वास्थ्य स्वयम सेवकको क्षमता अभिवृद्धी एवमं पूर्नताजगी तालिमको व्यवस्था गरिनेछ।

२१.२ उत्कृष्ट स्वयम सेवीकाहरुलाई प्रोसाहान एवम पुरस्कारको व्यवस्था गर्दै लगिनेछ।

२१.३ ६० वर्ष उमेर नाघेका तथा लेख पढ गर्न नसक्ने महिला स्वास्थ्य स्वयं सेवकहरुलाई सम्मान सहित बिदाईको व्यवस्था क्रमश गर्दै लगिनेछ। रिक्त स्थानमा स्वास्थ्य तथा सरसफाई ऐनले व्यावस्था गरे बमोजिम नयाँ महिला स्वास्थ्य स्वयम सेविका छनौट गरिने छ।

## ८. संस्थागत संरचना

८.१ नीति कार्यान्वयनका लागि गाउँपालिकाको नेतृत्वमा पालिका स्तरमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरु रहनेछन भने स्वास्थ्य सेवा प्रदायकका रुपमा विभिन्न स्वास्थ्य संस्थाहरु हुनेछन्। त्यसैगरी आधारभुत लगाएत अन्य स्वास्थ्य सेवा प्रवाहका लागि गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसंग क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवाका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

## ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः गाउँपालिका सामाजकि विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, गैर सरकारी संस्थाहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूयांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीती, योजना र कार्यक्रम निर्माण गरी कार्यन्वयनमा लगिने छ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक कानून तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइने छ । यही कार्यायेजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. जोखिम

मौलिक अधिकारको रूपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवम सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने समन्वय, स्रोत र साधन व्यवस्थापन हुन नसकेमा कार्यन्वयनमा कठिनाई भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेको छ ।